# ऐसेलुखर्क गाउँपालिका जगेडा शिक्षक कोष कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०५/१०

## परिच्छेद १

**प्रस्तावना** :

विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी दीर्घरोग लागि लामो समयसम्म उपचार गर्न बिदामा बस्नु पर्दाको अवस्थामा र महिला शिक्षक प्रसुती बिदामा बस्नु पर्दाको अवस्थामासमेत शिक्षण सिकाइलाई निरन्तरता दिनु वाञ्छनीय भएकाले ऐसेलुखर्क गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ८७ को उपदफा २. ख लाई कार्यान्वयन गर्न उक्त ऐनको दफा ११० बमोजिम ऐसेलुखर्क गाउँपालिकाले “जगेडा शिक्षक कोष कार्यविधि २०७७” निर्माण गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम “जगेडा शिक्षक कोष कार्यविधि २०७७” रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२) परिभाषा र व्याख्या :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) “गाउँपालिका” भन्नाले ऐसेलुखर्क गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) “कार्यपालिका” भन्नाले ऐसेलुखर्क गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) “शिक्षा समिति” भन्नाले ऐसेलुखर्क गाउँपालिका शिक्षा समितिलाई सम्झनु पर्छ ।

घ) “अध्यक्ष” भन्नाले ऐसेलुखर्क गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ यो शब्दले गाउँ शिक्षा समिति अध्यक्षलाई समेत बुझाउँछ ।

ङ) “उपाध्यक्ष” भन्नाले ऐसेलुखर्क गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ ।

च) “अधिकृत” भन्नाले ऐसेलुखर्क गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) “शिक्षा अधिकृत” भन्नाले ऐसेलुखर्क गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ज) “कोष” भन्नाले ऐसेलुखर्क गाउँपालिकाको जगेडा शिक्षक कोष सम्झनु पर्छ ।

झ) “आधारभूत शिक्षक” भन्नाले साविक प्राथमिक र निम्न माध्यमिक तहको स्वीकृत,राहत र गाउँपालिका अनुदान कोटामा नियुक्त शिक्षकलाई सम्झनु पर्छ ।

ञ) “माध्यमिक शिक्षक” भन्नाले साविक माध्यमिक र उच्च माध्यमिक तहको स्वीकृत,राहत र गाउँपालिका अनुदान कोटामा नियुक्त शिक्षकलाई सम्झनु पर्छ ।

ट) “व्यवस्थापन समिति” भन्नाले नियमानुसार गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ठ) “पूर्व प्राथमिक शिक्षक” भन्नाले प्रारम्भिक वालविकास सहयोगी कार्यकर्तालाई सम्झनु पर्दछ ।

# परिच्छेद २

## ३) समिति गठन गर्न सक्ने :

**३.१ गाउँपालिका स्तरीय समिति** : यो कार्यविधिको उद्देश्य कार्यान्वयनका लागि गाउँपालिका अध्यक्ष वा गाउँ शिक्षा समितिको अध्यक्षको संयोजकत्वमा गाउँपालिका स्तरमा देहाय बमोजिमको जगेडा शिक्षक कोष निर्णायक समिति रहनेछ ।

क) अध्यक्ष वा गाउँ शिक्षा समितिको अध्यक्ष –संयोजक
ख) उपाध्यक्ष –सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य
घ) शिक्षा समितिका सदस्यहरुमध्ये बाट सो समितिले सिफारिस गरेको एक जना –सदस्य
ङ) शिक्षा अधिकृत –सदस्य सचिव

## ३.२ समितिको काम,कर्तव्य र अधिकार :

क) कोषको संरक्षण,संम्बर्द्धन र प्रबर्द्धन गर्ने ।
ख) आवश्यकता अनुसार बैठक बसी प्राप्त कागजातहरु अध्ययन गरी निर्णय गर्ने ।
ग)

# परिच्छेद ३

## ४. सर्त तथा बन्देज :

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निम्न सर्त तथा बन्देजहरु लागू हुनेछन्

क) सट्टा शिक्षक नियुक्ति गर्नुपूर्व सम्बन्धित विद्यालयले शिक्षा शाखाको पूर्वस्वीकृती अनिवार्य लिनुपर्नेछ ।
ख) सट्टा शिक्षकको व्यवस्थापन गर्दा विद्यालयले जुन तहको शिक्षकका स्थानमा सट्टा शिक्षक नियुक्ति गर्ने हो सो तहका लागि न्यूनतम शैक्षिक योग्यता हासिल गरेको शिक्षक नियुक्ति गर्नु पर्नेछ । अध्यापन अनुमतिपत्र अनिवार्य छैन तर अध्यापन अनुमति पत्र प्राप्त

शिक्षकको निवेदन पर्न आएमा अध्यापन अनुमति प्राप्त शिक्षक नै नियुक्ति गर्नु पर्नेछ । सट्टा शिक्षकको छनोट सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले गर्नेछ ।

ग) पूर्व प्राथमिक शिक्षकको सट्टामा रहने शिक्षकको लागि मासिक रु. ६०००। आधारभूत शिक्षक (साविक प्राथमिक र साविक निम्न माध्यमिक ) र माध्यमिक शिक्षक (साविक माध्यमिक र उच्च माध्यमिक) को सट्टामा रहने शिक्षकको लागि आधारभूतको शिक्षकको हकमा मासिक रु १५०००। र रु. २००००। र माध्यमिक शिक्षकको हकमा रु.२५०००। उपलब्ध गराइने छ । विद्यालय कर्मचारी , गाउँपालिका अनुदान कोटा र शिक्षण सिकाइ अनुदान कोटामा नियुक्ति पाएका शिक्षकको सट्टामा यो कार्यविधिको व्यवस्था लागू हुने छैन ।

घ) यस कार्यविधि अनुसार नियुक्ति भएका शिक्षकहरुको निम्ति अधिकतम ३ महिनाका लागि रकम निकासा दिइनेछ ।

च) प्रसुती विदा तथा विरामीको हकमा सल्यक्रिया गर्नुपर्ने विरामी वा प्राणघातकरोग लागि उपचार गर्नु पर्ने भनी स्वीकृत चिकित्सकले सिफारिस गरेमा यस कार्यविधिको प्रक्रिया पुरा गरी सट्टा शिक्षकको नियुक्ति गर्नु पर्नेछ तर मादकपदार्थ वा अन्य लागू औषधीसेवन गरी दुर्घटना भई उपचार गर्नुपरेमा, देहत्यागको प्रयासबाट उपचार गर्नु परेमा, विना अनुमति पत्र सवारी चलाई दुर्घट्नामा परी उपचार गर्नु परेमा, विद्यालयको पूर्व जानकारी विना विद्यालयमा अनुपस्थित भई दुर्घट्ना भएमा तथा प्रचलित कानूनले वर्जित गरेका क्रियाकलापमा सरिक भइ उपचार गर्नु परेमा यो कार्यविधिको व्यवस्था लागू हनेछैन झुटा व्यहोरा पेश गरी भुक्तानी लिएको प्रमाणित भएमा विद्यालयले पाउने निकासाबाट कट्टा गरी रकम असुलउपर गरिनेछ ।

ङ) चैत्र महिना र विशेष परिस्थितिवस शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नभएको अवस्थामा सट्टा शिक्षक नियुक्ति गर्न पाइने छैन ।

च) विदाको समयमा प्रसुती भएमा वा उपचार विदामा बसेमा विद्यालय खुलेको दिनबाट मात्र सट्टा शिक्षक नियुक्ति गर्नु पर्नेछ ।

छ) प्रसुती विदा प्रचलित नियमअनुसार र उपचार विदाको हकमा सम्बन्धित शिक्षकको सञ्चित विदा कट्टा हुनेछ , निजको सञ्चित विदा नभएमा विद्यालयले हाजिरीमा पेश्की बिदा जनाउनु पर्नेछ ।

ज) विद्यालयले उपचार विदामा बस्ने शिक्षकको विदाको विवरण विद्यालय व्यवस्थापन समितिको निर्णयसहित शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

झ) प्रसुतीको हकमा सेवाअवधिभर अधिकतम दुई पटक र विरामीकोहकमा सेवा अवधिभर एक पटकमात्र यो कार्यविधिको व्यवस्था लागू हुनेछ ।

ञ) प्रसुती वा विरामी विदामा बस्ने शिक्षकले अनुसूची १ को ढाँचामा विद्यालयमा निवेदन दिनु पर्नेछ ।

ट) सट्टा शिक्षक सम्बन्धि निर्णय लिने अधिकार दफा ३ को ३.१ बमोजिम गठित समितिमा निहित हुनेछ ।

## परिच्छेद ४

**५.विविध** :

**५.१ बाधा अड्काउ फुकाउ** : यो कार्यविधिको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले आवश्यक कार्यविधि थप गरी कार्यान्वयन गर्न सक्नेछ । त्यस्तो कार्यविधि यसै कार्यविधिमा परे सरह मानिनेछ । यस कोषमार्फत हालसम्म भए गरेका खर्चहरु यसै बमोजिम भएको मानिने छ ।

**५.२ बचाउ** : यो कार्यविधिमा लेखिए जति कुरा सोही बमोजिम र नलेखिएका कुरा प्रचलित नियमबमोजिम हुनेछ ।

अनुसूची १

(सम्बन्धित शिक्षकले दिने निवेदनको ढाँचा)

मिति :................................

**विषय : प्रसुती बिदा /उपचार विदा सम्बन्धमा ।**

श्रीमान प्रधानाध्यापक ज्यू,
श्री....................................विद्यालय,
ऐसेलुखर्क गाउँपालिका वडा नं. ...... .................. खोटाङ ।

प्रस्तुत विषयमा ....................... विद्यालयमा कार्यरत ..................तह............श्रेणिको शिक्षक/पुर्व प्राथमिक शिक्षक म............................................. मिति ................................देखि मिति .......................................सम्म सुत्केरी/............................विरामी भई ................................................अस्पतालमा उपचारको क्रममा बस्नु पर्ने भएको हुँदा मैले नियमानुसार पाउने सुत्केरी विदा /सञ्चित बिदाबाट कट्टी हुने गरी बिदा स्वीकृतीका लागि आवश्यक कागजातहरु यसैसाथ संलग्न राखी अनुरोध गर्दछु ।

निवेदक :

दस्तखत :............................
नाम :................................
ठेगाना :.............................